**एकाग्रताको कमी/अतिसक्रियता विकार भएका बालबालिकालाई कसरी सहयोग गर्ने**

**परिचय**

आमाबाबुहरू सधैं आफ्ना बालबालिकाहरूलाई भविष्यमा सफल बनाउनको लागि उपयुक्त जीवन र सिक्ने वातावरण प्रदान गर्न चाहन्छन्। विशेष शैक्षिक आवश्यकता (SEN) भएका बालबालिकाहरूलाई प्रारम्भिक पहिचान र सहयोग प्रदान गर्दा उनीहरूलाई दैनिक जीवन र सिक्ने वातावरणमा घुलमिल हुन सजिलो बनाउँछ र उनीहरूको क्षमता विकास हुन्छ।

**एकाग्रताको कमी/अतिसक्रियता विकार(AD/HD) भनेको के हो ?**

AD/HD भनेको एक बाल विकासात्मक विकार हो। AD/HD भएका बालबालिकाहरूको **एकाग्रता** अवधि, क्रियाकलापको स्तर र आवेग-नियन्त्रण, समान उमेरका AD/HD नभएकामा भन्दा निकै फरक हुन्छन्, जसले गर्दा तिनीहरूको सिकाई प्रक्रिया साथै सामाजिक र पारिवारिक जीवनमा बाधा पुग्छ। सामान्य लक्षणहरूमा निम्न कुराहरू समावेश छन्:

- छोटो **एकाग्रता** अवधि
- ध्यान केन्द्रित गर्न गाह्रो र बाहिरी उत्तेजनाद्वारा सजिलै विचलित हुनु
- कार्यको कमजोर संगठन
- अत्यधिक सक्रियता
- सिटमा बसी रहन गाह्रो हुनु
- परिणाम विचार नगरी आवेगमा काम गर्नु

**आमाबाबुको भूमिका**

**मेरो बच्चालाई AD/HD छ जस्तो मलाई लागेको छ...**

विशेष शैक्षिक आवश्यकता संयोजक (सेन्को/ SENCO), कक्षा शिक्षक, विद्यार्थी मार्गदर्शन कर्मचारी वा विद्यालयको सामाजिक कार्यकर्तासँग सम्पर्क गर्न पहल गर्नुहोस्, जसले गर्दा विद्यालयले बच्चाको सिकाई र सामाजिक समायोजनलाई अझ राम्ररी बुझ्न सकोस्, उपयुक्त सहयोग प्रदान गर्न सकोस् र आवश्यक परेको बेला बच्चाको लागि थप मूल्याङ्कनको व्यवस्था गर्न सकोस्।

**मेरो बच्चालाई AD/HD भएको मूल्याङ्कन गरिएको छ...**

- तुरुन्तै र सक्रिय रूपमा आफ्नो बच्चाको निदानको जानकारी विधालयलाई प्रदान गर्नुहोस्, सम्पर्क राख्नुहोस् र सिकाइ र सामाजिक समायोजनकोलागि विधालयमा उपयुक्त समर्थन रणनीति बारे छलफल गर्नुहोस्
- बच्चाको तालिका अनुसार आफ्नो बच्चासित चिकित्सा भेटघाटमा उपस्थित हुनुहोस्, चिकित्सकको सल्लाह पालन गर्नुहोस् र बच्चाको प्रगति याद गर्नुहोस्

**तपाई आफ्नो बच्चालाई डोर्याउने निम्न रणनीतिबारे विचार गर्न सक्नुहुन्छ:**

**सकारात्मक कुराकानी र आशा**

- आमाबुबा रबच्चा बिचको सम्बन्ध बढाउन आमाबुबा र बच्चा बिचको समयको सदुपयोग गर्नुहोस्
- तपाईंको बच्चासँग सकारात्मक स्वर र मनोवृत्तिमा कुराकानी गर्नुहोस्
- आफ्नो बच्चाबाट सकारात्मक र व्यावहारिक आशा राख्नुहोस्

**व्यवहारहरू उचित रूपमा व्यवस्थापन गर्नुहोस्**

- आफ्नो बच्चाको लागि उपयुक्त र प्राप्त गर्न सकिने लक्ष्यहरू राख्नुहोस् र राम्रो व्यवहारलाई बलियो बनाउनुहोस्
- सकारात्मक प्रतिक्रिया सहित, उचित पुरस्कार विधिहरू प्रयोग गर्नुहोस्
- स्पष्ट र निर्दिष्ट निर्देशन दिनुहोस्
- आवेगपूर्ण व्यवहार नियन्त्रण गर्ने तरिका सिकाउनुहोस् र नमुना बनाउनुहोस्
- राम्रो व्यवहारलाई सुदृढ पार्न एन्टेकेडेन्ट र परिणामहरूमा काम गर्नुहोस्

**भावनात्मक नियमन विकास गर्नुहोस्**

- आफूले प्रचार गरेको कुरा व्यवहारमा उतार्नुहोस् र भावनालाई नियन्त्रणमा राख्न असल तरिकाहरू प्रदर्शन गर्नुहोस्
- आफ्ना बच्चालाई भावना नियन्त्रण गर्ने तरिका सिकाउनुहोस्। जस्तै: गहिरो श्वास लिनु, विश्राम अभ्यास गर्नु, आदि ।

  जब तपाईंको बच्चाले अनुचित व्यवहार देखाउंछ  वा उसको भावनालाई अनुचित तरिकाले व्यक्त गर्छ, पहिले आफ्नो र आफ्नो बच्चाको भावनालाई शान्त पार्नुहोस् र त्यसको समाधान खोज्नुहोस्

**सिक्ने क्षमता बढाउनुहोस्**

- वातावरणीय हस्तक्षेप कम गर्न व्यवस्थित सिकाई  वातावरणको व्यवस्था गर्नुहोस्
- आफ्नो बच्चाको क्षमता र कामको प्रकृति र कठिनाई अनुसार कामलाई सानो भागमा विभाजन गर्नुहोस्
- आफ्नो बच्चासँग व्यावहारिक समयतालिका बनाउनुहोस् ताकि सिकाइ क्रियाकलापहरू र मनोरञ्जन  क्रियाकलापहरू  वैकल्पिक रूपमा गर्न सकियोस्।
- आफ्नो बच्चाको सिकाइमा एकाग्रता बढाउन विभिन्न क्रियाकलापहरू प्रयोग गर्नुहोस्
- संसोधन सामाग्रीलाई सानो खण्डमा विभाजन गर्नुहोस्, स्मृति बलियो बनाउन कुनै समय अवधि पछि त्यसको समीक्षा गर्नुहोस्
- आफ्नो बच्चालाई दृश्यात्मक संकेत, जस्तै: छनक वाक्य, तस्वीर, सूची र अन्य, आत्म-स्मरणकर्ताको रूपमा प्रयोग गर्न सिकाउनुहोस्

**समर्थन सेवाहरू र रणनीतिहरू**

साधारणतया AD/HD भएका विद्यार्थीहरुले साधारण विद्यालयमा शिक्षा पाउँछन् । विद्यालयहरुले विद्यार्थीहरुको आवश्यकता अनुसार निम्न सहयोग प्रदान गर्नेछन् :

**1-स्तरिय समर्थन: गुणस्तरीय शिक्षण**

- राम्ररी व्यवस्थित भएको सिकाइ वातावरण प्रदान गर्नु, जस्तै, विद्यार्थीहरूका लागि अलमल्याउने कुराहरूबाट मुक्त हुने आसनहरूको व्यवस्था गर्नु, विद्यार्थीहरूलाई आफ्नो सामान राख्न निश्चित स्थानहरूको व्यवस्था गर्नु आदि।
- विद्यार्थीहरूलाई कक्षाको आवश्यकता अनुशरण  र पालन गर्न सजिलो बनाउन को लागि संरचित कक्षा व्यवस्था र शिक्षण प्रक्रिया अपनाउनुहोस्
- विद्यार्थीहरूलाई स्पष्ट नियमहरू दिनुहोस् र कक्षाको सकारात्मक व्यवहारलाई सुदृढ पार्न उपहारको योजना बनाउनुहोस्
- विद्यार्थीहरूको एकाग्रता कायम राख्न शिक्षण क्रियाकलापहरूलाई विभिन्न खण्डमा विभाजन गर्नुहोस्

**2-स्तरिय समर्थन: "थप्ने" हस्तक्षेप**

- विद्यार्थीहरूको विकास चरण र उनीहरूको कठिनाइको आधारमा, तिनीहरूलाई कार्यकारी कौशल, सिक्ने सीप, भावनात्मक नियमन, आवेग नियन्त्रण, आदिमा पूरक प्रशिक्षण प्रदान गर्न प्रमाण-आधारित रणनीति अपनाउनुहोस्।
- विद्यार्थीहरूलाई आफ्नो क्षमता विकास गर्ने, क्षमता र आत्मविश्वासको भाव विकास गर्ने अवसरहरू प्रदान गर्नुहोस् ताकि तिनीहरूले आफ्नो क्षमतालाई पूर्ण रूपमा प्रयोग गर्न सकून्

**3-स्तरिय समर्थन: व्यक्तिगत गहन समर्थन**

- नियमित समीक्षा र अनुगमन सहित  समर्थन बलियो गर्न लगातार र गम्भीर समायोजन कठिनाइ भएका  विद्यार्थीहरूको सानो संख्याको लागि व्यक्तिगत शिक्षा योजना तयार गर्नुहोस्
- व्यक्तिगत प्रशिक्षकको व्यवस्था गर्नुहोस्, सिकाई, सामाजिक अन्तरक्रिया र भावना व्यवस्थापनसँग सम्बन्धित लक्ष्यहरू निर्धारण गर्नुहोस् ताकि विद्यार्थीहरूको आत्म-व्यवस्थापनलाई व्यवस्थित रूपमा सुधार गर्न सकोस्, र तिनीहरूको सिक्ने प्रभावकारिता र सामुदायिक अनुकूलनमा वृद्धि होस्

**घर–विद्यालयको सहयोग**

विद्यालय, आमाबाबु र पेशेवरहरूले (डाक्टर, शैक्षिक मनोविज्ञ र समाजसेवीहरू सहित) विद्यार्थीहरूको आवश्यकता र प्रगति बुझ्नका लागि निकट सहयोग र सञ्चार कायम राख्नुपर्छ र विद्यार्थीहरूको विकासलाई सहज बनाउन उपयुक्त र एकनासको समर्थन रणनीतिहरूबारे छलफल गर्नुपर्छ।

**उपयोगी वेबसाइटहरू र सोधपुछ टेलिफोन नम्बरहरू**

शिक्षा ब्यूरो
http://www.edb.gov.hk

| | |
|---|---|
| हङकङ क्षेत्रीय शिक्षा कार्यालय | 2863 4646 |
| काउलुन क्षेत्रीय शिक्षा कार्यालय | 3698 4108 |
| नयाँ क्षेत्रहरू पूर्व क्षेत्रीय शिक्षा कार्यालय | 2639 4876 |
| नयाँ क्षेत्रहरू पश्चिम क्षेत्रीय शिक्षा कार्यालय | 2437 7272 |
| विशेष शिक्षा सम्बन्धी सामान्य सोधपुछ | 3698 3957 |
| शैक्षिक मनोविज्ञान सेवा खण्ड | |
| • हङकङ | 3695 0486 |
| • काउलुन | 3698 4321/ 3907 0949 |
| • नयाँ क्षेत्रहरू पूर्व | 3547 2228 |
| • नयाँ क्षेत्रहरू पश्चिम | 2437 7270 |

**"(SENSE)" एकीकृत शिक्षा र विशेष शिक्षासम्बन्धी अनलाइन जानकारी**
https://sense.edb.gov.hk

- AD/HD भएका विद्यार्थीलाई सहयोग गर्ने बारे जानकारी
  - https://sense.edb.gov.hk/en/types-of-special-educational-needs/attention-deficit-hyperactivity-disorder/index.html
  - https://sense.edb.gov.hk/en/types-of-special-educational-needs/attention-deficit-hyperactivity-disorder/resources/resources-for-parents/100.html
  - https://sense.edb.gov.hk/en/integrated-education/joyful-online-learning-at-home-series/supporting-students-with-attention-deficit-hyperactivity-disorder/index.html

- "एकीकृत शिक्षाको लागि सम्पूर्ण विद्यालय दृष्टिकोण सम्बन्धी आमाबुबाका लागि गाइड"

https://sense.edb.gov.hk/uploads/page/integrated-education/guidelines/ieparentguide.pdf

- "एकीकृत शिक्षाको लागि सम्पूर्ण विद्यालय दृष्टिकोण" सम्बन्धी सञ्चालन गाइड

https://sense.edb.gov.hk/uploads/page/integrated_education/landing/ie_guide_en.pdf

**स्वास्थ्य विभाग**

| | |
|---|---|
| बाल मूल्याङ्कन सेवा | https://www.dhcas.gov.hk/en/ |
| विद्यार्थी स्वास्थ्य सेवा | https://www.studenthealth.gov.hk/eindex.html |

**सामाजिक कल्याण विभाग**
https://www.swd.gov.hk